नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## बिस्कुटमा रौं भेटिएको उजुरी गुनासो सम्बोधन सम्बन्धी विवरण

मिति २०८३-०१-०४ गते यस विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटगर र वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, मोरङको संयुक्त अनुगमनमा देहायको खाद्य उद्योगबाट उत्पादन भएको बिस्कुटमा रौं भेटिएको उजुरी गुनासो सम्बोधन सम्बन्धी निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | एसियन बिस्कुट एण्ड कन्फेक्सनरी प्रा.लि., दुहबी, सुनसरी | • विभागमा उक्त उद्योगद्वारा उत्पादित Digestive nuts बिस्कुटमा रौं परेको भन्ने उजुरी प्राप्त भएको र सो को सम्बोधन गर्ने क्रममा उद्योगको उत्पादन स्थलमा अनुगमन गरी थप अनुसन्धानको लागि उजुरी परेको ब्राण्डको बिस्कुटको नमुना संकलन गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बिराटनगरको प्रयोगशालामा परीक्षणका लागि पठाईएको। | • विभागको टोलिसंग संयुक्त रुपमा खटिएको वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरद्वारा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३५ को खण्ड “ङ” बमोजिमको कसुर वापत सोही ऐनको दफा ३९ को उपदफा (१) को खण्ड “ख” बमोजिम रू २,००,०००।— (दुई लाख रुपियाँ) जरिवाना गरीएको र सो जरिवाना रकम सातदिन भित्र जम्मा गरेको प्रमाण पेश हुन आदेश दिइएको। |

डा. बाल कुमारी शर्मा

बरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०१/०४

## उजुरीका साथमा प्राप्त भएका तस्वीरहरू



